# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**(संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय)**

पत्र संख्याः

मितिः २०७५।१२।१५

श्री प्रमुखज्यू,
जैमिनी नगरपालिका,
कुश्मीशेरा, बागलुङ्ग ।

विषयः**लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धीत कागजातको लेखापरीक्षण सम्पन्न गरीएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरीएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ८४ लाख ४२ हजार बेरुजू बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड १८ लाख ८५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२६ लाख ९३ हजार र पेश्की रु.३५ लाख ४३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५/९/२०मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्योट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २४ (चौबीस) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# जैमिनीनगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । जैमिनी नगरपालिका अन्तर्गत १० वडा रहेको ५३ सभा सदस्य १११.७१ व.कि.मि. क्षेत्रफल,३१४३० जनसंख्या रहेको यो नगरपालिका गण्डकी प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसाबको आर्थिक वर्ष २०७४।०७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | १ | **चालु खर्च** | ३३२७६२०९६।१२ | |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | १३०८२२३७५।०८ | |
| | ख) बैंक | ७४७५८४६।२१ | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | | | क) ऋण भुक्तानी | – | |
| | क) आन्तरिक राजस्व | ३०११९९०।३३ | | | ख) ब्याज भुक्तानी | – | |
| | ख) राजस्व बाँडफाँड | – | | | ग) अन्य भुक्तानी | – | |
| | ग) अन्य आय | – | | ४ | **लगानी** | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | – | |
| | क)वित्तीय समानीकरण अनुदान | १८५९६१०००।– | | | शेयर लगानी | – | |
| | ख) सशर्त अनुदान | २२२३२९०००।– | | | अन्य लगानी | – | |
| | ग) समपूरक अनुदान | – | | ५ | **धरौटी फिर्ता** | १८४८००।– | |
| | घ) विशेष अनुदान | – | | ६ | **कोष खर्च** | – | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | | |
| | क)वित्तीय समानीकरण अनुदान | – | | | क) नगद मौज्दात | – | |
| | ख) सशर्त अनुदान | – | | | ख) बैंक मौज्दात संचित कोष | ४९९५०१४३।६६ | |
| | ग) समपूरक अनुदान | – | | | ग) बैंक मौज्दात धरौटी खाता | ५२०१२८।५८ | |
| | घ) विशेष अनुदान | – | | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | – | | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | | | | | |
| | क) ऋण प्राप्ति | - | | | | | |
| | ख) साँवा प्राप्ति | - | | | | | |
| | ग) ब्याज प्राप्ति | - | | | | | |
| | घ) अन्य प्राप्ति | - | | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | ९४७५६७७८।३२ | | | | | |
| १० | **धरौटी आय** | ७०४९२८।५८ | | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | | | |
| १२ | **अन्य विविध आय** | | | | | | |
| | **जम्मा** | ५१,४२,३९,५४३।४४ | | | **जम्मा** | ५१,४२,३९,५४३।४४ | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र बजेट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस जैमिनी नगरपालिकाका प्रमुखले प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिएको र प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाई अख्तियारी दिएको देखिएन । वडा स्तरमा अधिकृतस्तरको कर्मचारी नभएकोले अख्तियारी दिन नसकेको कार्यालयले जनाएको छ । समयमै अख्तियारी प्रदान गरी बजेट खर्च गर्ने जिम्मेवारी सुम्पनु पर्दछ । | |
| २. | **बजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजीम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमानसंग गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । यस जैमिनी नगर सभाको २०७४।०३।३० को प्रथम सभामा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रमका लागि रु.३८,१७,०५,५४०।- को आय व्ययको अनुमान पेश गरी सोही दिन सभाको निर्णय नं. ३ र ४ बाट बजेट तथा कार्यक्रम र आय व्यय पारित गरेको देखियो । प्रथम नगर सभाले समानीकरण अनुदान तर्फ रु.१४,०१,००,०००।- का विभिन्न योजना छनौट गरेकोमा आर्थिक वर्षको अन्त्यसम्म ५०१ वटा योजना कार्यान्वयन गरी रु.१२,०७,४५,०९९।०८(**८६.१८%**)खर्च गरेको छ । मिति २०७५।०१।०५ मा बसेको तेस्रो नगरपालिकाकोको बैठकले २०७४।०३।३० मा प्रथम सभाले पारित गरेको रु. ९२,२५,०००।- का ९७ योजना बजेट तथा कार्यक्रम संशोधन गरी संख्या तथा बजेट हेरफेर गरेको साथै २०७५।०१।०३ गतेको कार्यपालिकाको बैठकले समपूरक कोषतर्फको लागत सहभागितामा गर्नुपर्ने काम समेत रु.७३,५१,०००।- का २९ वटा योजना छनौट गरी कार्यान्वयन गरेको छ । एकै आर्थिक वर्षभित्र सभाद्धारा पारित योजना संशोधन गर्दा नियमको पालना नहुने, पहुँच र प्रभावका आधारमा योजना हेरफेर हुने र पहिले छनौट भएका योजनामा स्रोतको सुनिश्चितता नहुने भएकोले पारित वार्षिक बजेट तथा कार्यक्रम संशोधन गरी रु.१,६५,७६,०००।- का योजना कार्यान्वयन गरेको नियमित देखिदैन । आगामी दिनमा यस्ता क्रियाकलापलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ। | |
| ३. | **श्रोतअनुमान तथा बजेटसीमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम जैमिनी नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेटसीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेटसीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा यस जैमिनी नगर कार्यपालिकाको २०७४ असार १८ को बैठकबाट नगर उपप्रमुख लिला रानाको संयोजकत्वमा ६ सदस्यीय राजश्व परामर्श समिति गठन भएको छ । उक्त राजश्व परामर्श समितिको २०७४।०३।२६ मा बसेको प्रथम बैठकले राजश्वका स्रोत र दर विश्लेषण गर्ने निर्णय गरे पश्चात २०७४।०३।२९ को दोस्रो बैठकले कर दस्तुरको दर निर्धारण गरी रु.२२,०८,४००।- आन्तरिक आय अनुमान गरेकोमा आ.व.२०७४।७५ मा रु.३०,११,९९०।३३ आन्तरिक आय हासिल गरेको छ । यथार्थ आय वार्षिक अनुमानको १३६.३९ प्रतिशत हासिल भएको देखिएता पनि पर्याप्त राजश्वका स्रोत पहिचान गरी करको दायरा विस्तार गरेको देखिएन । आन्तरिक स्रोतको अधिकतम परिचालन गर्न राजश्व परामर्श समितिलाई | |

| | | |
|---|---|---|
| | क्रियाशील बनाई थप स्रोत पहिचान गर्नु पर्ने देखिन्छ। | |
| ४. | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ ।यस सम्बन्धामा निम्नानुसार देखिएको छः | |
| ४.१ | यस नगर कार्यपालिकाको २०७४ असार १८ को बैठकबाट नगर उप प्रमुख लिला रानाको संयोजकत्वमा ८ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन भई २०७४ असार २९ मा प्रथम बैठक बसी आगामी आ.व.को नीति, कार्यक्रम तथा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने निर्णय गरेको र स्रोत अनुमान समितिले दिएको बजेट सीमा भित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने निर्णय गरेकोमा विषय क्षेत्रगत कार्यक्रमको समीक्षा तथा कार्यक्रममा दोहोरोपना हुन नदिन पर्याप्त छलफल भएको देखिएन । | |
| ४.२ | कार्यालयले कालापाताल रामेचौर नौला गाजादह सडक नाका निर्माणका लागि रु १९ लाख विनियोजन गरी २०७४।८।२८ मा रु २१,५२,८७१।१८ लागत अनुमान रहेको सडक योजनामा रु २,५३,०४१।१७ जनसहभागिताबाट व्यहोर्ने गरी सम्झौता गरेको छ । सम्झौता बमोजिम मिति २०७५।३।१५ मा रु २१,५३,०४१।१७ को प्रविधिक मूल्यांकन तथा कार्यसम्पन्न प्रतिबेदन पेश भई कार्यालयले सम्झौता बमोजिमको रु. १८,०५,०००।- भुक्तानी दिएको छ । सडकको चनेज ०+००० देखि ०+९६२ सम्म स्काभेटरबाट ९२२० घनमिटर माटो काट्ने कार्य गरेको नापी किताबबाट देखिन्छ तर पहिरो पन्छाउने कार्य १७२२.५० घनमिटर गरेको र सडक सम्याउने कार्य २१७० घनमिटर गरेकोमा पहिरो पन्छाउने र सडक सम्याउने कार्यको चेनेज खुलेको देखिएन । उक्त सडक निर्माण गरेको सोहि स्थानमा २०७५।३।८ मा कार्यपालिकाको निर्णयानुसाररु.७,३९,६८१।३३ लागत अनुमान रहेको योजनामा ७ लाख अनुदान भुक्तानी दिनेगरी सोही उपभोक्ता समितिसँग सम्झौता गरी रु ४,८१,४११।३६ को मूल्यांकन पेश भई रु ४,३२,८०६।- पुनः भुक्तानी गरेको छ । मिति २०७४।३।२८को नगर सभाबाट पारित योजनामा नगर कार्यपालिकाको मिति २०७५।१।५ को निर्णयबाट सोही योजनामा बजेट थप गरी कार्यान्वयन गरेको कार्यालयले जनाएको छ । थप गरेको योजनामा गो.भौ.नं. ६८९-२०७५।३।३२ बाट रु ४,३२,८०६।-भुक्तानी भएकोमा लेखापरीक्षणमा प्रस्तुत भएको नापी किताबमा चेनेज उल्लेख नभएको र कार्यसम्पन्न मिति नखुलेको, पहिरो पन्छाउने कार्य समेत कहाँदेखि कहाँसम्म गरीएको हो भनी उल्लेख नभएकोले उक्त योजनाको चेनेजमा निर्माणको दोहोरो मूल्यांकन भई भुक्तानी हुन सक्ने जोखिम रहेको देखिन्छ । चेनेज स्पष्ट नखुलाई नापी गरी भुक्तानी गरेको र पहिलो योजना कार्य सम्पन्न भइसके पश्चात अर्को योजना कार्यान्वयन गरेको मनासिव देखिदैन । यस सम्बन्धमा फरक चेनेजमा कार्य गरी भुक्तानीमादोहोरो नपरेको स्पष्ट हुनेगरी नापी किताब तथा मूल्याङ्कनकोप्रमाण पेश गर्नुपर्दछ। | २२,३७,८०६/- |
| ५ | **आन्तरिक ऋण:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ बमोजिम जैमिनी नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धीत सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक , आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। जैमिनी नगरपालिकाले यो वर्ष कुनै पनि ऋण लिएको देखिएन। | |
| ६ | **स्थानीय तथ्यांक र अभिलेख**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम जैमिनी नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । जैमिनी नगरपालिकाले स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ जैमिनी नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ। | |
| ७ | **सार्वजनिक सुनुवाई :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एवं दक्षतापूर्बक संचालन गर्न | |

| | | |
|---|---|---|
| | अनुगमन, सार्वजनिक एवं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । नगरपालिकाबाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि सबै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ । | |
| ८ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय स्तरका आयोजनामध्ये सबै आयोजनाको उक्त व्यवस्था अनुसार अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । कार्यालयले २०७५।०५।०७ मा पेश गरेको प्रगति विवरण अनुसार कुल ५०१ योजना कार्यान्वयन गरेकोमा २ वटा योजनाको शून्य प्रगति भएको, १ वटा योजनाको ५० प्रतिशत प्रगति भएको, ६ वटा योजनाको ७५ प्रतिशत सम्म प्रगति भएको र बाँकी ४९२ योजनाको ७५ प्रतिशत भन्दा बढी प्रगति भएको देखिन्छ । कार्यालयले शत प्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ९ | **बैंक हिसाब -** कार्यालयको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आर्थिक बर्षको अन्त्यमा स्रेस्ताको मौज्दात रु. ५,०४,७०,२७२।२४ रहेकोमा आर्थिक वर्षको अन्त्यमा बैंक मौज्दात रु ७,२०,७३,६२७।८७ रहेको छ । स्रेस्ता भन्दा बैङ्कमा रु. २,१६,०३,३५५।६३ बढी देखिएकोमा साट्न बाँकी चेक र आम्दानी बाँध्न बाँकी स्रोत खुलाई कार्यालयले बैङ्क समायोजन विवरण तयार गरेको छ । | |
| १० | **सशर्त अनुदान फ्रिज-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं.१०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि, पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आर्थिक बर्षको अन्त्य सम्म सशर्त अनुदानतर्फ रु. ७१,८३,६९३।७४, पश्चिम नेपाल ग्रामिण खानेपानी परियोजनातर्फ रु. ४,७९,९५७।- एलजीसीडीपीतर्फ रु. १,४४,३७५।- सामाजिक सुरक्षातर्फ रु. ७२,६०,२००।- र सामुदायिक स्वास्थ्य इकाइ तलबतर्फ रु. २,०८,५७२।- समेत रु. १,५२,७६,७९७।७४ आर्थिक बर्षको अन्तमा फ्रिज गर्नुपर्नेमा २०७५।४।२८ मा बेरुजू खातामा दाखिला गरेको देखियो । समयमा नै बाँकी रकम फ्रिज गर्नुपर्दछ । | |
| ११ | **बक्यौता रकम असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र बाँकी वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिका तथा नगरपालिकाले वडागत रुपमा आन्तरिक आम्दानीको हिसाब राखी रु.३०,११,९९०।३३ असुल गरेकोमा आन्तरिक आयको तोकिएको ढाँचामा स्रेस्ता राखी बक्यौता उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति विक्री, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लागत तयार नगरेबाट बक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाब तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १२ | **नगदी रसिदः** कार्यालयको रसिद नियन्त्रण खाता अनुसार यस आर्थिक वर्षमा कार्यालयले जम्मा २२३ ठेली नगदी रसिद र १९८ ठेली मालपोत रसिद छपाएको देखिन्छ । नगरपालिकाले १० वटा वडाहरुमा रसिद ठेलीहरु वितरण गरीएकोमा माग फारम संलग्न नगरेको र कुन वडालाई कति रसिद प्याड दिएको भन्ने अभिलेख राखेको छैन । कार्यालयबाट यस आ.व.मा १७४ ठेली नगदी रसिद र १५९ ठेली मालपोत रसिद प्रयोगमा ल्याएको देखिन्छ । प्रयोग गरीएको नगदी रसिदहरुबाट रु.३०,११,९९०।३३असुल गरेकोमा २६ ठेली प्रयोगमा नआएको लेखापरीक्षणमा पेश भएको तथा २२ ठेली नगदी रसिद र ३७ ठेली मालपोत रसिद प्राप्त भएको छैन । उक्तनगदी रसिदहरु वडा कार्यालयहरुमा जारीगरीएको | |

| | | |
|---|---|---|
| | कार्यालयले जनाएको छ । उक्त रसिद प्राप्त गरी आन्तरिक आम्दानी रकम यकिन गर्नुपर्दछ । | |
| १३ | **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १.९८ प्रतिशत, दोश्रो चौमासिकमा १७.७० प्रतिशत र तेश्रो चौमासिकमा ८०.३२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ५०.३६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । खर्चमा सन्तुलन हुनुपर्दछ । | |
| १४ | **कर्मचारी व्यवस्था :**निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरबन्दी ६० रहेतापनि पदपूर्ति २२ रहेको र ३८ पद रिक्त रहेका छन् । ती मध्ये २ जना करारमा राखी कार्य संचालन गरीएको छ । दरबन्दी बमोजिम पदपूर्ति गर्नुपर्दछ । | |
| १५ | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले हस्तान्तरित सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरीएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १६ | **कल्याण कोष :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । हाल यस नगरपालिकामा त्यस्ताकोष सम्बन्धी व्यवस्था भएको देखिएन । | |
| १७ | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सोही अनुसार कार्यविधि तयार गर्नेतर्फ ठोस पहल भएको देखिएन । | |
| १८ | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । सोही अनुसार व्यवसाय दर्ता गरी कर जम्मा गरेको देखियो । | |
| १९ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख | |

| | | |
|---|---|---|
| | छ । तर यस नगरपालिकाले हालसम्म सवारी कर नलिएको देखियो । | |
| २० | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदशर्न हल, संगित थियटर मनोरञ्जन प्रदर्शन स्थल ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक ऐनमा करको व्यवस्था गरेकोमाकर असुल गरेकोदेखिएन । | |
| २१ | **विद्युतीय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबार को लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई सबै नगरपालिकाहरुले सव नेशनल ट्रेजरी रेगुलेटरी एप्लीकेशन (सुत्र) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिकामा आ.व. २०७४/७५ मा इन्टरनेटको अभावले सो सफ्टवेयर लागू नभएको देखिन्छ । | |
| २२ | **वितरणमूखी खर्चः** पूंजी निर्माणमा सहयोग नरहने, उत्पादनमा उपयोगिताको सृजना नगर्ने खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रयोजनका आधारमा नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ मा समेत पूंजी सृजना नहुने खालका कार्यक्रम जुन वितरणमूखी र उपयोगिता नदिने स्थितिमा रहेका खर्चलाई निरुत्साहित गर्न आवश्यक देखिन्छ । ऐनमा संस्था, समूह, पर्व, जात्रा, यात्रा, बिरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी अवस्था समेत देखिदैन । नमुना छनौटको आधारमा परीक्षण गर्दा जैमिनीनगरपालिकाले लक्षित समूहको बजेटबाट विभिन्न वितरणमूखी योजना कार्यान्वयन गरी रु.२२,८३,५००/- खर्च गरेको र वितरण गरेका विभिन्न सामग्रीहरु सम्बन्धित संस्थाले दाखिला गरेको प्रमाण समेत संलग्न गरेको नदेखिएकोले कार्यविधिको परिपालना भएको देखिएन । पूँजीगत बजेटबाट वितरणमूखी कार्यमा खर्च गरेको नियमित देखिदैन । | २२,८३,५००/- |

| गो.भौ.नं./मिति | ब.उ.शी.नं. | विवरण | फर्मको नाम | रकम रु. |
|---|---|---|---|---|
| ७११/२०७५।३।१३ | ८०१३०५३ (पूँजीगत) | खेलकुद सामग्री वितरण | युनाईटेड युवा क्लब | ८००० |
| ६७५/२०७५।३।३२ | ८०१३०५३ | जेष्ठ नागरीक सम्मान र नगद वितरण | स्वास्थ्य परीक्षण उपभोक्ता समिति | ५७००० |
| ६७१/२०७५।३।३१ | ८०१३०५३ | जनजाती सशक्तिकरण तालिम | आदीवासी जनजाति समिति, सर्कुवा ४ | ४७५०० |
| ६७०/२०७५/३/३२ | ८०१३०५३ | अध्ययन अवलोकन भ्रमण | वार्ड नं. २ कार्यालय | १०००० |
| ६३१/२०७५/३/२९ | ८०१३०५३ | फ्रेस हाउसका लागि १० वटा फ्रेस वितरण | मनवहादुर थापा लगायत १० जना | २००००० |
| ६२९/२०७५/३/२९ | ८०१३०५३ | जेष्ठ नागरीक सम्मान कार्यक्रम | दिनानाथ गौतम वडा सचिव | ४७५०० |
| ६२५/२०७५/३/२९ | ८०१३०५३ | नौमती बाजा खरिद तथा वितरण | नौमती बाजा समूह, छिस्ती | ४७५०० |
| ६०८/२०७५/३/२८ | ८०१३०५३ | पुस्तक वितरण | वालविकास केन्द्र, जैदी | ११००० |
| ६०१/२०७५३/३/२८ | ८०१३०५३ | पुस्तक वितरण | धुल्लुनेटा | ११००० |
| ५९१/२०७५/३/२८ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | शिवालय वाल विकास केन्द्र जैदी | ११००० |
| ५८९/२०७५/३/२५ | ८०१३०५३ | गुन्यूचोलो पटुका लगायतका सामग्री वितरण | आदीवासी जनजाति समाज अर्जेवा | ४७५०० |
| ५८८/२०७५/३/२८ | ८०१३०५३ | शैक्षिक सामग्री खरिद | शान्ति वाल विकास केन्द्र | १०००० |
| ५७४/२०७५/३/२७ | ८०१३०५३ | आरनको सामग्री वितरण | तल्लो आरन सुधार समिति | ४७५०० |
| ३५७/२०७५/३/१ | ८०१३०५३ | आरनको सामग्री | आरन सुधार उपभोक्ता | ४७५०० |

| | | | | |
|---|---|---|---|---|
| | | वितरण | समिति | |
| १३२/२०७४/१२/७ | ८०१३०५३ | आरनको सामग्री वितरण | वडा स्तरीय दलित सञ्जाल, वडा नं ३ | ७५००० |
| २८/२०७४/९/११ | ८०१३०५३ | कृषि सामग्री वितरण | मनहरी कृषि फार्म | २८५०० |
| ५५२/२०७५/३/२५ | ८०१३०५३ | खानेपानी पाइप वितरण | सगरमाथा अर्जेवा चोखेक विधालय | २५००० |
| ५२३/२०७५/३/२४ | ८०१३०५३ | साइन्स ल्याब सामग्री | श्री जनता मा. वि स्कुल | ३३२५०० |
| ५३४/२०७५/३/२५ | ८०१३०५३ | डेरी सामग्री | साना किसान सहकारी संस्था लि. | ४७५०० |
| ४४५/२०७५/३/१७ | ८०१३०५३ | अलैची विरुवा वितरण | सकुर्वा गाव अलैचि विरुवा उपभोक्ता समिति | १९०००० |
| ३२९/२०७५/२/३० | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | शारदा प्राथमिक विद्यालय जैदी बाल साक्षरता प्राथमिक विद्यालय | १०००० |
| ३२५/२०७५/२/३० | ८०१३०५३ | शैक्षिक तथा खेलकुद सामग्री वितरण | बाल साक्षरता प्राथमिक विद्यालय | ११००० |
| ३२४/२०७५/२/३० | ८०१३०५३ | कम्प्युटर वितरण | धनचिना प्राथमिक विद्यालय | २५००० |
| ३२१/२०७५/२/२४ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | मुस्लिम सेवा समिति मदरसा शिक्षा | ९५००० |
| ३२०/२०७५/२/२४ | ८०१३०५३ | होर्डिङ्ग बोर्ड निर्माण | नव उत्साह युवा क्लव | २५००० |
| ३१७/२०७५/२/२४ | ८०१३०५३ | कक्षा सामग्री वितरण | जनचेतना बाल विकास केन्द्र | १०००० |
| ३१६/२०७५/२/२४ | ८०१३०५३ | कक्षा सामग्री वितरण | सिद्धी गणेश बाल विकास केन्द्र | १०००० |
| ४३७/२०७५/३/१४ | ८०१३०५३ | दलित सशक्तिकरण तालिम सञ्चालन | वडा स्तरीय दलित सञ्जाल, जैमिनी-३ | ७१२५० |
| ४३६/२०७५/३/१४ | ८०१३०५३ | फर्निचर वितरण कार्यक्रम | भगवती प्रा.वि. जैमिनी-७ | ४७५०० |
| ४३१/२०७५/३/१४ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | जनकल्याण बाल विकास केन्द्र, अर्जेवा | ३०००० |
| ४२९/२०७५/३/१४ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | ओखलेचौर बाल विकास केन्द्र, अर्जेवा | ३०००० |
| ४२८/२०७५/३/१४ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | बालउत्थान बाल विकास केन्द | ३०००० |
| ४२७/२०७५/३/१४ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | शिशुकल्याण बाल विकास केन्द्र | ७१२५० |
| ४२०/२०७५/२/३० | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | सरस्वती बाल विकास केन्द्र, कुश्मिशेरा | २०००० |
| ४१९/२०७५/२/३० | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | सरस्वती बाल विकास केन्द्र, कुश्मिशेरा | १०००० |
| ४१७/२०७५/३/१२ | ८०१३०५३ | पोशाक खरिद | जनता बाल विकास केन्द्र | ५७००० |
| ४१६/२०७५/२/३० | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | जनचेतना बाल विकास केन्द्र, जैदी | ११००० |
| ४१३/२०७५/३/१२ | ८०१३०५३ | फर्निचर वितरण | दिव्यज्योती प्राथमिक विद्यालय, जैमिनी-४ | ५७००० |
| ३९४/२०७५/३/७ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | जनज्योती बाल विकास केन्द्र | १०००० |
| ३९३/२०७५/३/७ | ८०१३०५३ | शैक्षिक सामग्री वितरण | सिर्जनशील बाल विकास केन्द्र | १०००० |
| ३७२/२०७५/३/३ | ८०१३०५३ | खेलकुद सामग्री वितरण | खेलकुद विकास समिति, जैमिनी-३ | १९०००० |
| ३७०/२०७५/३/१३ | ८०१३०५३ | खेलकुद सामग्री वितरण | युवा तथा खेलकुद कार्यक्रम खेलकुद समिति, जैमिनी-७ | ९५००० |
| | ८०१३०५३ | अपाङ्गतर्फको विनियोजित बजेट रु | नगरपालिकाको वडा नं. १ | ५६००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ५६,००० शेषकान्त चपाई लगायत २८ जना अपाङ्गलाई नगदै वितरण गरेका | | | |
| | | | जम्मा | | २२८३५०० | |

| | | |
|---|---|---|
| २३ | **रिटेन्शन मनि कट्टी नगरेको** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (४) अनुसार खरिद सम्झौतामा रिटेन्सन मनि कट्टा गर्नु नपर्ने व्यवस्था गरेकोमा बाहेक उपनियम (१) बमोजिम सार्वजनिक निकायले भुक्तानी गर्दा बिजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । निम्न आपूर्तकलाई बिभिन्न सामग्री खरिदको निम्नानुसार रकम भुक्तानी गरीएकोमा नियमानुसार पाँच प्रतिशत रकम कट्टा गरी राखेको पाईएन । रिटेन्सन मनि कट्टा नहुनाले आपूर्तिकर्ताले सम्झौता बमोजिमको काम सम्पादन नगरेको अवस्थामा आइपर्ने थप आर्थिक दायित्व वहन गर्न कठिनाइ हुने हुन्छ । अतः सम्झौता बमोजिम कार्य भएको भनी कार्यालय सन्तुष्ट भए पश्चात धरौटी फुकुवा हुनेगरी घरौटी कट्टी गर्ने व्यवस्था हुनुपर्दछ । | |

| गो.भौ.नं./मिति | ब.उ.शी.नं. | विवरण | फर्मको नाम | बिल रकम | धरौटी रकम |
|---|---|---|---|---|---|
| ७०२/२०७५/३/३२ | ८०१३०५३ | तारजाली खरिद | लोकप्रिय सप्लायर्स (६००१४७८०८) | ८४२६२०.४० | ४२१३१.०२ |
| ७००/२०७५/३/३२ | ८०१३०५३ | पाईप खरिद | लोकप्रिय सप्लायर्स (६००१४७८०८) | १००७८७०.३५ | १३१०२३.१५ |
| | जम्मा | | | १८५०४९०.७५ | १७३१५४.१७ |

| | | |
|---|---|---|
| २४ | **लिमिटेड दायित्व भएका संस्थालाइ पूँजीगत सहयोग** :स्थानीय निकाय स्रोत परिचालन कार्यविधि २०६९ को दफा १३ (च) मा कुनैपनि संघ संस्थालाई संस्थागत सहयोग गर्न निषेध गरीएको छ । साथै स्थानीय निकायले सञ्चालन गर्ने विकासका क्रियाकलापले अधिकतम उपभोक्ताको हित गर्नुपर्ने हुन्छ ।  कार्यालयले प्रवर्द्धनात्मक कार्यक्रमतर्फबाट निम्न लिमिटेड दायित्व भएका संस्थालाई पूँजीगत प्रकृतिका सामग्री हस्तान्तरण गरेको छ । व्यक्तिगत पहुँचको आधारमा योजना छनौट गर्नु र कार्यान्वयन गर्नु यसको कारण हो । यस्ता प्रकृतिका संस्थाहरु लिमिटेड दायित्व भएका र सीमित सदस्यको हितका लागि मात्र भएकोले यसबाट आम जनता वा उपभोक्ताले लाभ लिन नसक्ने हुन्छ । साथै यस्ता प्रकृतिका संस्थाहरु विघटन भएको खण्डमा वा निर्दिष्ट प्रयोजनामा प्रयोग नगरी उपलब्ध सम्पत्ती बेचबिखन गरी प्राप्त सम्पत्ति संचालकको स्वामित्वमा जाने भएकाले यस्ता कार्यक्रमबाट सीमित व्यक्तिले मात्र लाभ उठाउने भएकाले यस्तो प्रकृतिको खर्च गर्दा दुरुपयोग हुन नपाउने गरी शसर्त गर्नुपर्दछ । | ५०,०००/- |

| गो.भौ.नं./मिति | ब.उ.शी.नं. | विवरण | फर्मको नाम | रकम रु. |
|---|---|---|---|---|
| ६९७/२०७५/३/३२ | ८०१३०५३ | डेरि उपकरण खरिद अनुदान | टुनिवोट दुग्ध संकलन उपकेन्द्र टुनीवोट डेरी | ५०००० |

| | | |
|---|---|---|
| २५ | **अनुदानको अनुगमनः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा सम्बन्धीत बजेट शीर्षकमा खर्चको रकमको बिल भरपाई सहितको लेखा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । साथैकार्यालयले दिएको अनुदान रकमको अनुगमन हुनुपर्दछ । यस कार्यालयले निम्न कार्यक्रमतर्फ बाखा, बोका खरिद गरी वितरण गरेको र टनेल लगायतका सामग्री वितरण गरेको छ । उक्त कार्यक्रमबाट साटासाटको कार्यक्रम संचालन भए नभएको, उत्पादन र उत्पादकत्व बढे नबढेको र आय आर्जनमा सुधार भए नभएको सम्बन्धमा कार्यालयले आवश्यक अनुगमन गरेको देखिएन । उक्त कार्यको अनुगमन प्रमाण पेश हुनु पर्दछ । | १६,६२,०००/- |

| गो.भौ.नं./मिति | ब.उ.शी.नं. | विवरण | व्यक्तिको नाम | रकम रु. |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ६९७/२०७५/३/३२ | ८०१३०५३ | बोका खरिद, गोठ सुधार कार्यक्रम अनुदान | नरवहादुर मल्ल लगायत ९ जनालाई भुक्तानी | १३५००० |
| ६९६/२०७५३/३/३२ | ८०१३०५३ | कृषि सामग्री वितरण प्लाष्टिक टनेल ४ वटा लगायतका सामग्री | ओमप्रकाश सापकोटा लगायतका कृषकहरुलाई वितरण | ६७२००० |
| ६९१/२०७५३/३/३२ | ८०१३०५३ | महिला आय आर्जन कृषक समिति,पैयुथन्थापलाई वाखा वितरण | राम थापा लगायतका कृषक | ४७५०० |
| ६८१/२०७५/३/३२ | ८०१३०५३ | जैमिनी नगरपालिका अगुवा कृषक समिति मार्फत २७ थान टनेल त्रिपाल र १० थान वाखा वितरण | सुर्यवहादुर थापा र लक्ष्मी पुन लगायत ३७ जनालाई वितरण | १९०००० |
| ६२१/२०७५३/२९ | ८०१३०५३ | बाखा वितरण र बाखा खोर निर्माण | सन्त वहादुर नेपाली लगायत १८ जना | ९५००० |
| ६१०/२०७५/३/२८ | ८०१३०५३ | लक्षीत वर्ग लैगिक समानता तथा सामाजिक समावेसीकरण कार्यक्रम अन्तरगतः बाखा खरिद तथा वितरण ४५ वटा | माया नेपाली लगायत | ४२७५०० |
| ६१०/२०७५/३/२८ | ८०१३०५३ | वंगुर खरिद तथा वितरण | प्रेम वहादुर थापा लगायत | ५०००० |
| ६१०/२०७५/३/२८ | ८०१३०५३ | कुखुरापालन कुखुरा खरिद | तिली सर्किनी लगायत | ४५००० |
| | | जम्मा | | १६६२००० |

२६ **भरपाई बेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले निम्न मितिमा विभिन्न व्यक्तिहरुलाई बैठक भत्ता भुक्तानी गरेकोमा भर्पाइ बेगरनिम्नानुसार रकम भुक्तानी गरेको देखियो । उक्त भरपाई बेगरको भरपाई रकम रु. ६,१५०/-असुल हुनु पर्दछ । ६,१५०/-

| गा.भौं.नं. /मिति | ब.उ.श ी.न | कार्यक्रम | व्यक्ति/संस्था | जम्मा भर्पाइ रकम | हस्ताक्ष र रहेको भर्पाइ रकम | हस्ताक्ष र बेगरको भर्पाइ रकम | असुल रकम (कर बाहेक ) |
|---|---|---|---|---|---|---|---|
| ४६-२०७५/३/३२ | ३८५८ २१४ | सकुर्वामा बडा स्तरीय युवा क्लबलाई एक दिने सरसफाई अभिमुखीकरण | WASHसंयोजक सावित्रि शर्माको पेश्की फर्छ्यौट | १०२०० | ६६०० | ३६०० | ३६०० |
| ५२८–२०७५/०३/२४ | ३५७१ १८३ | वडा नं ६ मा कृषि तथा पशुपालन विकास कार्यक्रम | युवराज मरासिनि को भर्पाइमा हस्ताक्षर नरहेको | ३००० | ० | ३००० | २५५० |
| | | | जम्मा | १३२०० | ६६०० | ६६०० | ६१५० |

२७ **नन फाइलर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने मू.अ.कर रकम तथा सो को विवरण स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ । कार्यालयले देहायका फर्मलाईविभिन्न निर्माण कार्य वापत मूल्य अभिवृद्धि कर समेतको बिल वापत भुक्तानी ३७,४५३/-

गरेकोमा आन्तरिक राजस्व विभागको वेब साइटबाट स्थायी लेखा नम्बर (PAN) सर्च गर्दा उक्त फर्म नन फाइलर (विवरण बुझाउन बाँकी) रहेको देखियो । कार्यालयले मू.अ.कर दाखिलाको विवरण आन्तरिक राजश्व कार्यालयमा पठाएको भएता पनि सम्बन्धित निकायले नन् फाइलरको कारवाही गरेको देखिएन । नन् फाइलर रहेका फर्मलाई भुक्तानी भएको निम्नानुसार रु.३७,४५२/७० मूल्य अभिवृद्धि कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्दछ ।

| गो.भौ.नं./मिति | ब.उ.शी.नं. | विवरण | फर्मको नाम | बिल रकम | मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ६४५/२०७५/३/३१ | ८०१३०५३ | भुलियन गाउँ सडकसम्म सडक निर्माण | सर्वसिद्धी सप्लायर्स प्रा.लि. ६०२९५५९३७ | २४४७६८ | ३१८१९.८४ | नन फाइलर |
| ६४५/२०७५/३/३१ | ८०१३०५३ | भुलियन गाउँ सडकसम्म सडक विर्माण | सर्वसिद्धी सप्लायर्स प्रा.लि. ६०२९५५९३७ | ७१७२० | ४१२३.६० | नन फाइलर |
| ८-२०७४/५/०६ | ३५७११८३ (चालु) | सामान खरिद | यादव ब्रदर्श (३०१७०३३८५) | ३५० | ४०.२६ | मिति २०७४/७/२३ को बिजक नं केरमेट Non Filer |
| १९०-२०७४/१/१३ | ३५७११८३ (चालु) | सामान खरिद | उत्तरगंगा पब्लिकेशन प्रा.लि. (३०५०४५९४०) | ११३०० | १४६९ | मिति केरमेट Non Filer |
| | | | | ३२८१३८ | ३७४५२.७ | |

२८ **कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद ऐन २०६३ को दफा छ (१) बमोजिम सार्वजनिक निकायले खरिदको लागि पच्चीस हजार रुपैयाँ भन्दा माथिको सार्वजनीक निर्माणतर्फको खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । खरिद ऐन तथा नियमावली बमोजिम उपभोक्ता समितिले गरेको निर्माण कार्यको मूल्याङ्कन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्य सम्पन्न फारम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिइने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाका उपभोक्ता समितिलाई सामान हस्तान्तरण गरेकोमा लागत अनुमान, प्राविधिक मूल्याङ्कन तथा कार्य सम्पन्न प्रतिवेदन पेश भएन ।सामग्री वितरण गरी सो को मूल्याङ्कन गर्ने प्रणाली नहुनु नै यसको कारण रहेको छ । कार्यालयले आवश्यक पर्ने वस्तुगत सामान खरिदको उचित प्रक्रियाद्वारा खरिद गरी जिन्सीमा आम्दानी बाँधेर उपभोक्ता समितिलाई जिन्सी हस्तान्तरण गर्ने र रु. २५ हजार माथिको लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन समेत बनाउनु पर्दछ । यसबाट उक्त सामान सोही योजनामा प्रयोग भएको भन्ने विश्वसनीय आधार देखिदैन । अतः उक्त वस्तुगत सहयोगको प्राविधिक मूल्याङ्कन, कार्यसम्पन्न, हस्तान्तरण फारम तथा जडान भए नभएको सम्बन्धमा कार्यालयको अनुगमन प्रतिवेदन, प्राविधिक मूल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । ६७,२५०/-

| गो.भौ.नं./मित | ब.उ.शी.नं. | विवरण | योजनाको नाम | लागत सम्झौता रु. | भुक्तानी रकम रु. | |
|---|---|---|---|---|---|---|
| ५९३/२०७५३/२७ | ८०१३०५३ | मग्लाछ चिन्ने खानेपानी तथा ट्वाईलेट प्यान जडान कार्य | जैमिनी ४ सर्कुवाको उपभोक्ता समिति | ३५६४२ | २४५०० | प्राविधिक मूल्याक्न नगरेको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
